# सवारी साधन भाडा करारनामा

आज मिति २०८.... साल ......... महिना ......... गते ................................................................... को तर्फबाट श्री ................................................................... (सवारी धनी / भाडामा दिने) जसलाई यसपछि पहिलो पक्ष भनिनेछ र श्री ............................................................................................................................ को छोरा / छोरी श्री .............................................................................................................................. सवारी चालक अनुमति पत्र नं. ......................................................................................................... नागरिकता नं. ............................................................. बर्ष ............ को (सवारी भाडामा लिने) जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ, पक्षहरुकाबीच, **मुलुकी देवानी संहिता, २०७४ को करारसम्बन्धी व्यवस्था बमोजिम** तथा तल उल्लेखित शर्तहरुमा आपसी सहमति तथा समझदारी कायम गरी यो करारनामा गरिएको छ ।

**१. पहिलो पक्षले दोस्रो पक्षलाई भाडामा दिएको सवारी साधनको विवरण**

- सवारी साधनको नाम/मोडेलः ..................................................................................................
- दर्ता नं.: ..........................................................................................................................................

**२. भाडा अवधि**

यो करार अन्तर्गत सवारी साधन मिति .......................................... देखि ........................................... सम्म जम्मा ...................... दिनको लागि भाडामा दिइएको हुनेछ ।

**३. भाडा दर तथा भुक्तानी व्यवस्था**

३.१. प्रतिदिन भाडा दर रु. ...........................................

(अक्षरुपीः ........................................................................................................................................ हुनेछ ।

३.२. दोस्रो पक्षले भाडा रकम अग्रिम / निर्धारित समयभित्र अनिवार्य रुपमा बुझाउनुपर्नेछ ।

३.३ भाडा अवधि समाप्त भई सवारी फिर्ता नगरेमा प्रतिदिन दोब्बर भाडा दर लाग्नेछ ।

Highway Rental

## ४. धरौटी

४.१ दोस्रो पक्षले रु. ...........................................................................धरौटी पहिलो पक्षलाई बुझाएको हुनेछ ।

४.२ धरौटी स्वरुप दोस्रो पक्षले पहिलो पक्षलाई कुनै एक बाणिज्य बैंकको ब्ल्यांक चेक बुझाएको हुनेछ ।

४.२ सवारी साधन सुरक्षित रुपमा फिर्ता भई सम्पूर्ण हिसाब किताब मिलान भएपछि मात्र धरौटी फिर्ता गरिनेछ । धरौटी रकम (४.१) बमोजिम हिसाब किताब मिलान गर्दा अपुग भएमा चेक मार्फत भुक्तान दाबी गर्न पहिलो पक्ष स्वतन्त्र हुनेछ ।

४.३ क्षति, जरिवाना, ढिलाई शुल्क, मर्मत खर्च वा कानुनी खर्च धरौटी रकमबाट कट्टा गर्न पहिलो पक्ष स्वतन्त्र हुनेछ ।

## ५. प्रयोगसम्बन्धी प्रतिबन्ध

**दोस्रो पक्षले,**

- सवारी साधन अवैध, गैरकानुनी वा आपराधिक कार्यमा प्रयोग गर्न नपाउने
- मादक पदार्थ सेवन गरी सवारी चलाउन नपाउने
- तेस्रो व्यक्तिलाई सवारी चलाउन दिन नपाउने
- सवारीलाई लापरवाहीपूर्वक, अफ–रोड वा क्षति पुग्ने गरी प्रयोग गर्न नपाउने

*उल्लंघन भएमा सम्पूर्ण कानुनी तथा आर्थिक दायित्व दोस्रो पक्षको हुनेछ।*

## ६. क्षति, मर्मत तथा दुर्घटना

६.१. सामान्य घिसावट बाहेक सवारीमा हुने कुनै पनि स्क्रयाच, डेन्ट, पार्ट बिग्रिनु वा क्षति दोस्रो पक्षले आफ्नै खर्चमा मर्मत गर्नुपर्नेछ।

६.२. दुर्घटना भएमा दोस्रो पक्षले तत्काल प्रहरी र पहिलो पक्षलाई जानकारी दिनुपर्नेछ।

६.३. बीमा नलाग्ने क्षति वा बीमा अस्वीकृत भएमा सम्पूर्ण दायित्व दोस्रो पक्षकै हुनेछ।

Highway Rental

**७. जरिवाना तथा करार उल्लंघन**

७.१. भाडा रकम समयमै नबुझाएमा प्रतिदिन रु. ........................................................... जरिवाना लाग्नेछ।

७.१. दोस्रो पक्षले भाडा नतिरी झुल्याएमा, सम्पर्कविहीन भएमा वा करार उल्लंघन गरेमा पहिलो पक्षले एकतर्फी रूपमा करार समाप्त गरी कानुनी कारबाही गर्न सक्नेछ।

७.३. यसबाट उत्पन्न सम्पूर्ण खर्च दोस्रो पक्षबाट असुल उपर गरिनेछ।

**८. सवारी फिर्ता तथा सामान**

८.१. सवारी साधन करार समाप्त हुँदा उही अवस्थामा फिर्ता गर्नुपर्नेछ।

८.२. सवारीभित्र रहेका दोस्रो पक्षका सामानहरू ७ दिनभित्र नलगेमा पहिलो पक्ष जिम्मेवार हुनेछैन।

**९. लागू कानून तथा क्षेत्राधिकार**

यो करार मुलुकी देवानी संहिता, २०७४ बमोजिम हुनेछ। यस करारबाट उत्पन्न विवाद सम्बन्धित जिल्ला अदालत अन्तर्गत रहनेछ।

**१०. सवारी साधन भाडामा लिदादिदाको बखत सवारी साधनको अवस्था**

Highway Rental

**११. अन्तिम सहमति**

यस करारका सम्पूर्ण शर्तहरू दुवै पक्षले राम्ररी पढी, बुझी, कुनै दबाब बिना स्वीकार गरी हस्ताक्षर गरेका हौँ।

**हस्ताक्षर**

**पहिलो पक्ष (सवारी धनी)**

हस्ताक्षर..........................................

मिति ..............................................

**दोस्रो पक्ष (भाडामा लिने)**

हस्ताक्षर..........................................

मिति ..............................................

**साक्षी**

नाम .......................................................................... हस्ताक्षर ..........................................

नाम .......................................................................... हस्ताक्षर ..........................................

***

Highway Rental